2८-1-26

## National News

<u>प्रमुख समाचार</u>

1. प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भएको छ कि देशका युवाहरूले आज साहस र प्रतिबद्धतालाई राष्ट्र-प्रथम को सोचका साथ् परिभाषित गर्छन्। आज नयाँ दिल्लीको करिअप्पा परेड ग्राउन्डमा वार्षिक एनसीसी पीएम ऱ्यालीलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले यसो भन्नु भयो।

2. प्रधानमन्त्री नरेन्द्र मोदीले केरलामा आर्य वैद्यशाला धर्मार्थ अस्पतालको शताब्दी समारोहलाई भर्चुअल रूपमा सम्बोधन गर्दै, समग्र स्वास्थ्य सेवा प्रदान गर्न देशभरि लगभग 12 हजार आयुष स्वास्थ्य तथा कल्याण केन्द्रहरु स्थापना गरिएको भन्नुभयो।

3. राष्ट्रपति द्रौपदी मुर्मुले बजेट सत्रको पहिलो दिन आज संसदका दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै, सरकारले भारतमाथि हुने कुनै पनि आतंकवादी आक्रमणको दृढ र निर्णायक प्रतिक्रिया पाउने बलियो सन्देश दिएको छ, भन्नुभयो। अपरेशन सिन्दूरको क्रममा भारतीय रक्षा बलको वीरता र पराक्रम विश्वले देखेको भन्नुभयो ।

4. महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको आज बिहान महाराष्ट्रको बारामतीमा विमान दुर्घटनामा मृत्यु भएको छ। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लगायत सबै नेताहरुले श्री पवारको असामयिक निधनमा गहिरो शोक व्यक्त गरेका छन्।

5. 77औं गणतन्त्र दिवस समारोहको समापन समारोह भोलि नयाँ दिल्लीको विजय चौकमा आयोजना हुनेछ। समारोहमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदी लगायत केन्द्रीय मन्त्रीहरू उपस्थित हुनेछन् । र

6. भारत र न्यूजील्याण्ड बीचको चौथो T20 क्रिकेट मैच साँझ 7 बजेदेखि विशाखापट्टनममा शुरु भएको छ।

## प्रधानमन्त्री - NCC

प्रधानमन्त्री  नरेन्द्र मोदीले भन्नु भएको छ देशका युवाहरूले आज साहस र प्रतिबद्धतालाई राष्ट्र – प्रथम को सोचका साथ परिभाषित गर्छन्। आज नयाँ दिल्लीको करिअप्पा परेड ग्राउन्डमा र प्रतिबद्धतालाई राष्ट्र-प्रथम को सोचका साथ नुभएको छ कि देशका युवाहरूले वार्षिक एनसीसी पीएम न्यालीलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नु भयो एनसीसी एक आन्दोलन हो जसले भारतका युवाहरूलाई राष्ट्रप्रति समर्पित आत्मविश्वासी, अनुशासित र संवेदनशील नागरिक बनाउँछ। आज विश्वले भारतका युवाहरूलाई ठूलो आत्मविश्वासका साथ हेर्छ र यो उनीहरुको सीप र संस्कृतिको कारणले आएको हो, उहाले भन्नुभयो। देशभरका क्याडेट र अधिकारीहरूलाई शुभकामना दिँदै, श्री मोदीले वर्षौंको अवधिमा, एनसीसीको शक्ति 14 बाट बढेर 20 लाख क्याडेटभन्दा बढी पुगेको छ, भन्नुभयो । प्रधानमन्त्रीले यस वर्ष महिला क्याडेटहरूको सहभागितामा उल्लेखनीय वृद्धि भएकोमा खुशी व्यक्त गर्नु भयो। हालैको भारत युरोपेली संघ मुक्त व्यापार सम्झौताको बारेमा उल्लेख गर्दै, श्री मोदीले भन्नुभयो सम्झौताले भारतीय वित्तपोषण र नवाचार पारिस्थितिकी तंत्र पहुँचमा सुधार गरेर स्टार्टअपहरूलाई फाइदा पुऱ्याउनेछ र भारतको रचनात्मक अर्थतन्त्रलाई पनि बढावा दिनेछ।

## प्रधानमन्त्री  - आयुष

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो, समग्र स्वास्थ्य सेवा प्रदान गर्न देशभरि लगभग 12 हजार आयुष स्वास्थ्य तथा कल्याण केन्द्रहरु स्थापना गरिएको छ। केरलामा आर्य वैद्य साला धर्मार्थ अस्पतालको शताब्दी समारोहलाई भर्चुअल रूपमा सम्बोधन गर्दै, श्री मोदीले उल्लेख गर्नुभयो कि यसको 125 वर्षको यात्रामा, संस्थाले आयुर्वेदलाई एक शक्तिशाली उपचार प्रणालीको रूपमा स्थापित गरेको छ। प्रधानमन्त्री मोदीले वैद्य अस्पतालले आफ्नो स्थापनादेखि नै अथक रूपमा मानिसहरूलाई रोगको उपचार र सेवा प्रदान गर्दै आएको कुरामा प्रकाश पार्नुभयो।

## PM-WINGS INDIA

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो कि भारतको उड्डयन क्षेत्रले केवल एक दशकमा ऐतिहासिक परिवर्तन देखेको छ। हैदराबादको बेगमपेट विमानस्थलमा आज शुरु भएको WINGS India 2026 लाई सम्बोधन गर्दै, प्रधानमन्त्रीले आफ्नो भिडियो सन्देशमा विमान निर्माणदेखि उन्नत हवाई गतिशीलता र भाडामा लिनेसम्म, भारतले आफूलाई उड्डयन अवसरहरूको भूमिको रूपमा स्थापित गरिरहेको कुरा प्रकाश पार्नुभयो। एशियाको सबैभन्दा ठूलो नागरिक उड्डयन कार्यक्रम Wings India 2026, आज देखि शुरु भएर 31 जनवरीसम्म जारी रहनेछ।

## राष्ट्रपतिको संसदका संयुक्त बैठकलाई सम्बोधन

राष्ट्रपति द्रौपदी मुर्मुले अपरेशन सिन्दूरको क्रममा भारतीय रक्षा बलको वीरता र पराक्रम विश्वले देखेको भन्नुभयो। उहाँले भन्नुभयो, आफ्नै स्रोतसाधन प्रयोग गरेर देशले आतंककारीहरूको आधार शिविरहरू ध्वस्त पारेको छ। बजेट सत्रको पहिलो दिन आज संसदका दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति मुर्मुले, सरकारले भारतमाथि हुने कुनै पनि आतंकवादी आक्रमणको दृढ र निर्णायक प्रतिक्रिया पाउने बलियो सन्देश दिएको छ, भन्नुभयो। रक्षा निर्यातले पनि 23 हजार करोड रुपैयाँको रेकर्ड पार गरेको, उहाले भन्नुभयो। श्रीमती मुर्मुले भन्नुभयो, सरकारको नीति अनुरूप, सुरक्षा बलहरूले माओवादी आतंक विरुद्ध पनि निर्णायक रूपमा काम गरेका छन्। राष्ट्रपतिले भन्नुभयो, आज माओवादी आतंकको चुनौती 126 जिल्लाबाट केवल आठ जिल्लामा झरेको छ। सरकारको तेस्रो कार्यकालमा गरिबहरूलाई सशक्त बनाउने अभियान अझ तीव्र गतिमा अगाडि बढेको छ, उहाले भन्नुभयो।

राष्ट्रपतिले भन्नुभयो, सबका साथ, सबका विकासको दृष्टिकोणले देशका सबै नागरिकहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याइरहेको छ। ...राष्ट्रपति द्रौपदी मुर्मुले सरकारको ठोस नीति र पहलहरूले देशमा कृषि उत्पादनमा तीव्र वृद्धि भएको छ, भन्नुभयो । राष्ट्रपतिले यस दशकको अन्त्यसम्ममा भारतले 500 गिगावाट नवीकरणीय ऊर्जा क्षमताको लक्ष्य निश्चित रूपमा हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, विगत एघार वर्षमा पूर्वोत्तर क्षेत्रमा सात हजार 200 किलोमिटरभन्दा बढी राष्ट्रिय राजमार्गहरू निर्माण गरिएका छन्। ग्रामीण क्षेत्रमा रोजगारी र विकासका लागि विकसित भारत जी राम जी नामक कानून लागू गरिएको भन्दै यो नयाँ कानूनले गाउँहरूमा 125 दिनको ग्यारेन्टीका साथ् रोजगारी सुनिश्चित गर्नेछ, उहाले भन्नुभयो।

राष्ट्रपतिले भन्नुभयो, कुनै पनि न्याय प्रणालीको वास्तविक सफलता नागरिकहरूमा डरको सट्टा सुरक्षा, सहजता र सशक्तिकरणको भावना जगाउने क्षमताले मापन गरिन्छ र यसै सिद्धान्तलाई ध्यानमा राख्दै, भारतीय न्याय संहिता द्रुत गतिमा कार्यान्वयन भइरहेको छ। राष्ट्रपतिले, सबै नागरिकहरूले राष्ट्रिय हित र देशको कल्याणका लागि आफ्नो कर्तव्य पूरा गर्नेछन् भन्ने विश्वास व्यक्त गर्नुभयो।

## उप-राष्ट्रपतिः राष्ट्रपति सम्बोधन

उपराष्ट्रपति सीपी राधाकृष्णनले आज बजेट सत्रको शुरुवातमा राष्ट्रपति द्रौपदी मुर्मुको सम्बोधन व्यापक, अग्रगामी र दूरदर्शी रहेको बताउनु भएकोछ

## प्रधानमन्त्री- राष्ट्रपति सम्बोधन

प्रधानमन्त्री नरेन्द्र मोदीले आज संसदको दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति द्रौपदी मुर्मुको सम्बोधनले हालैका समयमा भारतको उल्लेखनीय विकास यात्रालाई प्रदर्शित गरेको बताउनुभयो । सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले सम्बोधनलाई व्यापक र व्यावहारिक भएको भन्नुभयो ।

## अजित पवारः विमान दुर्घटना

महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको आज बिहान महाराष्ट्रको बारामतीमा विमान दुर्घटनामा मृत्यु भएको छ। नागरिक उड्डयन मन्त्रालयले VSR द्वारा सञ्चालित Learjet 45 (VT-SSK) विमान आज बिहान बारामती विमानस्थलमा दुर्घटनाग्रस्त भएको जानकारी दिएको छ। मन्त्रालयले थपेको छ कि जहाजमा महाराष्ट्रका उपमुख्यमन्त्रीसहित पाँच जना कर्मचारी थिए, जसमा दुई जना थप कर्मचारी र दुई जना चालक दलका सदस्य थिए। अधिकारीहरूले भने कि दुर्घटनामा विमानमा रहेका कोही पनि बाँचेनन् ।

अजित पवार निधनमा शोक व्यक्त

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिरला, गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह र सूचना तथा प्रसारणमन्त्री अश्विनी वैष्णवले महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको असामयिक निधनमा गहिरो शोक व्यक्त गरेका छन्।

बिटिङ रिट्रीट

77औं गणतन्त्र दिवस समारोहको समापन समारोह भोलि नयाँ दिल्लीको विजय चौकमा आयोजना हुनेछ। समारोहमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदी लगायत केन्द्रीय मन्त्रीहरू उपस्थित हुनेछन्। यसमा भारतीय सेना, भारतीय नौसेना, भारतीय वायुसेना र केन्द्रीय सशस्त्र प्रहरी बलका ब्यान्डहरू प्रस्तुत गरिनेछन् ।

क्रिकेट –T 20

भारत र  न्यूजील्याण्ड बीचको चौथो T20  क्रिकेट खेल साँझ 7 बजेदेखि विशाखापट्नममा शुरू भएको छ।

टस जीतेर भारतले पहिले बलिङ  गर्ने निर्णय गरेको छ।

गुवाहाटीमा खेलिएको तेस्रो खेलमा भारतले न्यूजील्याण्डलाई आठ विकेटले पराजित गर्यो। पाँच खेलको श्रृङ्खलामा भारत 3-0 ले अगाडि छ।